दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ५० | बुटवल | २०८१ फागुन ०१, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Feb. 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लोसपाले भूमि अध्यादेशलाई समर्थन नगर्ने



बुटवल । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेको छ । भूमिसम्बन्धी अध्यादेश जनताको हितविपरीत भएको लोसपा नेपालले जनाएको छ ।

अध्यक्ष महन्थ ठाकुरले बुधबार विज्ञप्ति जारी गर्दै भूमिसम्बन्धी अध्यादेशलाई आफ्नो पार्टीले समर्थन नगर्ने स्पष्ट पारेका हुन् ।

सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशले कृषिमा आधारित गरिब समुदायलाई यसको उपलब्धिको दायराबाट वञ्चित राख्ने तथा वनफडानी र अवैध कब्जा गर्ने प्रवृत्तिलाई बढावा दिने लोसपा नेपालले ठहर गरेको छ ।

'भूमिसम्बन्धी अध्यादेशप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ-'यस अध्यादेशको अन्तर्यको अध्ययन गर्दा समग्रमा अत्यन्त गरिब र पिछडिएका डोम, मुसहर, चमार, दुसाध, सन्थाल, गनगाईं, राजवंशी, रानाथारुलगायतका पूर्णरूपमा कृषिमा आधारित गरिब समुदायलाई यसको उपलब्धिको दायराबाट वञ्चित राखिने तथा यो अध्यादेशले वनफडानी र अवैध कब्जा गर्ने प्रवृत्तिलाई बढावा दिने हाम्रो ठहर छ ।'

विज्ञप्तिमार्फत् लोसपा नेपालले यस्तो अवस्थामा अध्यादेशलाई यथास्थितिमा समर्थन गर्न नसक्ने निर्णय लिएको जनाएको छ ।

यसअघि जसपा नेपालले पनि भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेको थियो ।

## अदालतको आदेशविरुद्ध छविलाल उच्च अदालत



बुटवल । बुटवलको सुप्रिमसहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा राख्ने जिल्ला अदालत रुपन्देहीको आदेशविरुद्ध पूर्व डीआइजी छविलाल जोशी उच्च अदालत पुगेका छन् ।

जिल्ला अदालत रुपन्देहीका न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले जोशीलाई सोमबार पुर्पक्षका लागि कारागार पठाउने आदेश गरेको थियो । अधिवक्तासमेत रहेका जोशीका छोरा रोचक जोशीले थुनामा पठाउने सो आदेश र ठहर खण्डमा उल्लेखित विषय पूर्वाग्रही रहेकाले उक्त आदेश बदर माग गर्दै निवेदन दर्ता गराएका हुन् । ७३ नं. निवेदनमार्फत् जोशीको तर्फबाट उच्च अदालत तुलसीपुर बुटवल इजलासमा निवेदन दर्ता भएको हो ।

आदेश पूर्वाग्रही रहेकाले त्यसको बदर माग गर्दै जोशीका तर्फबाट निवेदन दर्ता भएको उच्च अदालत तुलसीपुर बुटवल इजलास कार्यालयका सूचना अधिकारी रामबहादुर कुँवरले बताए ।

यसअघि जोशी पोखराको सूर्य दर्शन सहकारीमा ८८ लाख र काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा ५० लाख धरौटीमा रिहा भएका थिए । उनीविरुद्ध चितवनको सहारा सहकारी ठगीमा पनि मुद्दा दर्ता भइसकेको छ ।

जोशीको मुद्दामा सरकारी वकिलका तर्फबाट जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल र गोकर्ण घिमिरेले बहस गरेका थिए । जोशीका तर्फबाट मनोजकुमार चौधरी र अपूर्व खतिवडाले बहस गरेका थिए ।

यसअघि यो मुद्दामा रास्वपा सभापति एवं गोर्खा मिडिया नेटवर्कका प्रबन्ध निर्देशक रवि लामिछाने रुपन्देही जिल्ला अदालतबाट १ करोड धरौटीमा रिहा भएका थिए ।

सुप्रिम सहकारी ठगीमा २२ जनाविरुद्ध पूरक अभियोग दर्ता भएको थियो । पूरक अभियोगमा ५५ करोड रुपैयाँ बिगो कायम गरिएको छ । सुप्रिमबाट जोशीका नाममा व्यक्तिगत २ करोड ५० लाख र सामूहिक दायित्वअन्तर्गत १० करोड ९९ लाख ऋण लिएको देखिएको छ ।

यसअघि गत बैशाखमा गितेन्द्रबाबु राईसहित २८ जनालाई प्रतिवादी बनाएर सहकारी ठगीमा मुद्दा दर्ता भएको थियो । २८ जनामध्ये पनि १७ जनाविरुद्ध थप अभियोगसहितको मुद्दा पनि दर्ता भएको छ ।

# लुम्बिनी र गण्डकी प्रदेश सरकारबिच २१ बुँदे प्रतिबद्धता

**कालीगण्डकी जलविद्युत् आयोजनाको बाँध क्षेत्रदेखि रानीमहलहुँदै बग्ने तल्लो तटीय क्षेत्रमा पानीको वहाव तथा परिमाण बढाउन सम्बन्धित आयोजनामार्फत् संघीय सरकारलाई सिफारिस गरिने उल्लेख छ ।**



**लुम्बिनी संवाददाता**

*पाल्पा*

लुम्बिनी र गण्डकी प्रदेश सरकारबिच प्रदेशस्तरीय समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धतापत्रमा हस्ताक्षर भएको छ ।

लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पाको रानीमहलमा भएको बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दुई प्रदेशबिच समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका हुन् ।

बैठकले नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाइ सेवा विस्तार गर्न पहल गर्ने, लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्किबास सडक, गैंडाकोट-कालीगण्डकी कोरिडोर, भीमगिठे-बुर्तिवाङ-गौमुखी-झिमुक सडकलगायतका अन्तरप्रदेशीय सडक सञ्जालको स्तरोन्नतिका लागि पहल गर्ने तथा बुटवल-पोखरा सिद्धार्थ राजमार्गलाई २ लेनमा विस्तार गर्न संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ ।

यस्तै बैठकले भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेटी गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न पहल गरिने, प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने विषयसमेत प्रतिबद्धतामा समेटिएको छ ।

कृषि तथा पशुपंछीजन्य उत्पादनको बजारीकरण, गुणस्तर सुनिश्चितता तथा वितरण प्रणाली सुधार गर्न पोखरा र लुम्बिनीमा चिस्यान केन्द्रसहितको बिक्री कक्ष तथा खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने, कृषि तथा पशुजन्य उत्पादनलाई दुवै प्रदेशका मुख्य बजार केन्द्रहरूसम्म पुऱ्याउन बजार पूर्वाधार तयार गर्न संयुक्त सम्भाव्यता अध्ययन समिति गठन गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

उत्तर-दक्षिण कालीगण्डकी कोरिडोरलाई आर्थिक कोरिडोरका रूपमा विकास गरी हिमाली तथा पहाडी जिल्लाका उत्पादनलाई तराई तथा सीमापार बजारसँग जोड्न दुवै प्रदेशले व्यवसाय, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छन् । दुवै प्रदेशको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटनको एकीकृत विकास गर्न साझा कार्यक्रम तयार गरिने, लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरी दुवै प्रदेशका पर्यटकीय गन्तव्यसम्म जोड्ने एकीकृत पर्यटन मार्ग निर्माण गर्न संयुक्त गुरुयोजना तयार गरिने, त्रिवेणी-देवघाट-रिडी रुरु क्षेत्र-मुक्तिनाथलाई धार्मिक तथा सांस्कृतिक क्षेत्रका रूपमा विकास गर्न संयुक्त कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

यस्तै, गोरखा- तनहुँ- स्याङ्जा- पाल्पा- गुल्मी- प्यूठान- रोल्पा मगर सांस्कृतिक पर्यटकीय पदमार्ग, लुम्बिनी प्रदेशमा थारू- अवध-नेवार तथा गण्डकी प्रदेशमा गुरुङ- थकाली- नेवार समुदाय विशेष पर्यटकीय पदमार्ग विस्तारका लागि एकीकृत कार्यक्रम बनाइने, लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गरिनेछ भने गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण र मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न जोड दिने सहमति दुई प्रदेशबिच भएको छ । लुम्बिनी प्रदेशका बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा गण्डकी प्रदेशका चितवन राष्ट्रिय निकुञ्ज, मनास्लु तथा अन्नपूर्ण संरक्षण क्षेत्र र दुवै प्रदेशमा पर्ने ढोरपाटन शिकार आरक्षलाई समेटी पर्यावरणीय तथा साहसिक पर्यटन सर्किटका रूपमा विकास गरिने छ ।

होटल व्यवसाय सञ्चालनका लागि प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाइने, दुवै प्रदेशमा उत्पादन भएका कृषि उपज तथा वनजन्य जडिबुटिलाई मूल्य श्रृंखलासँग जोड्न प्रशोधन केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गरिने र सोका लागि आगामी आर्थिक वर्षदेखि दुवै प्रदेशबाट व्याज अनुदान दिने गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ ।

दुवै प्रदेशमा रहेका उद्योगहरूको कार्यक्षेत्र विस्तार गर्दै बुटवलमा निर्माणाधीन मोतीपुर औद्योगिक क्षेत्र र गण्डकी प्रदेशमा निर्माणाधीन लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गरिने, खानी तथा खनिज उद्योगको स्थापना, सञ्चालन तथा विस्तार गर्न तथा प्राकृतिक स्रोतजन्य उत्पादनको बिक्री वितरण व्यवस्थित गर्न सेवा शुल्क तथा दस्तुरमा एकरुपता कायम गरिने उल्लेख छ ।

औद्योगिक सुरक्षा, बजारीकरण र ढुवानीको सहजीकरणका लागि आवश्यक वातावरण तयार गरिने, दुवै प्रदेशलाई अधिकतम फाइदा हुने बहुउद्देश्यीय वृहत जलस्रोत आयोजनाको निर्माण तथा सञ्चालन आपसी समझदारीका आधारमा गरिने जनाइएको छ ।

प्रदेश कानुनअनुसार नदीजन्य पदार्थको उपयोगमा लगाइने करका सम्बन्धमा दुवै प्रदेशबिच एकरुपता कायम गरिने, सार्वजनिक सवारीको यात्रु भाडादर सम्भव भएसम्म एकरूप बनाइने तथा सडक दुर्घटना न्यूनीकरणका लागि सवारी गति नियन्त्रण, मादक पदार्थ सेवनको जाँच, चालक प्रशिक्षण, अनुगमन तथा निरीक्षणलगायतका कार्यक्रम संयुक्त रूपमा सञ्चालन गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

यस्तै रामपुर-चापाकोट एकीकृत शहरी विकास आयोजना कार्यान्वयनका लागि सङ्घीय सरकारलाई सिफारिस गरिने, पाल्पाको रानीमहल प्रवर्द्धन तथा संरक्षण गर्दै जलाशयसहितको पर्यटकीय पूर्वाधार विकास गर्न संयुक्त कार्य गरिने पनि जनाइएको छ ।

कालीगण्डकी जलविद्युत् आयोजनाको बाँध क्षेत्रदेखि रानीमहल हुँदै बग्ने तल्लो तटीय क्षेत्रमा पानीको वहाव तथा परिमाण बढाउन सम्बन्धित आयोजनामार्फत् संघीय सरकारलाई सिफारिस गरिने उल्लेख छ । दुवै प्रदेशबिच सहकार्य, समन्वय र साझेदारी प्रवर्द्धन गर्न समन्वयात्मक बैठकलाई निरन्तरता दिइने तथा आगामी बैठक गण्डकी प्रदेशले आयोजना गरिने लुम्बिनी प्रदेश सरकारका प्रवक्ता भूमि तथा सहकारी मन्त्री दिनेश पन्थीले बताए ।

## 'जिल्ला समन्वय समिति चाहिंदैन, प्रदेश संरचना सानो बनाऔं'



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीको महाधिवेशन २०८४ को आम चुनाव अघि नै हुने बताएका छन् ।

विगतमा २०८२ सालभित्रै महाधिवेशन हुनुनपर्ने चर्को आवाज उठाउँदै आएका महामन्त्री थापाले बुधबार भने बुटवलमा पार्टी निकट मुस्लिम संघको कार्यक्रममा ८४ को चुनावअघि जति सक्दो छिटो चुनाव हुनुपर्ने नरम भाषा बोलेका हुन् ।

आउँदो चैत मसान्तसम्म सदस्यता नवीकरण सक्नुपर्ने बताएका थापाले महाधिवेशन आम चुनावको मुखमा गर्दा निर्वाचन परिणाम प्रभावित हुनसक्ने बताए । उनले महाधिवेशनसँग सम्बन्धित आवश्यक प्रक्रिया अगाडि बढाउन पनि नेता कार्यकर्ताहरूलाई आग्रह गरे ।

'आउँदो चैतभित्र सदस्यता नवीकरण सक्नुपर्नेछ, २०८४ को चुनाव अघि नै पार्टीको महाधिवेशन हुन्छ त्यसका लागि जतिसक्दो छिटो अरु काम गर्नुपर्छ नत्र चुनाव प्रभावित हुन्छ ।'-थापाले भने ।

सरकारले ल्याएका अध्यादेशतर्फ इंगित गर्दै महामन्त्री थापाले विधिको शासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिकको मौलिक हक तलमाथि हुने गरी पार्टीले कसैसँग कुनै किसिमको सम्झौता नगर्ने बताए ।

संविधान संशोधनका विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादीसहित सबै दलसँग छलफल गरेर मात्रै निश्कर्षमा पुग्नुपर्ने दायित्व कांग्रेसको भएको थापाले बताए । थापाले सुशील कोइरालाको नेतृत्वमा बनेको र शेरबहादुर देउवाको पालामा कार्यान्वयन प्रारम्भ गरेको संविधानको जिम्मा आफूहरूले नै लिनुपर्ने जनाए । उनले यो संविधानको जिम्मा, स्वामित्व लिँदै सबैको चित्त बुझाउने काम पनि कांग्रेसको भएको तर्क गरे ।

संविधान संशोधनको प्रसंगमा महामन्त्री थापाले जिल्ला समन्वय समिति नचाहिने बताए । उनले प्रदेश मन्त्रिमण्डल र प्रदेश सांसद संख्या पनि घटाउनुपर्ने बताए । यस्तै उनले संवैधानिक आयोगहरु पनि घटाउनुपर्ने बताए ।

नेपाली कांग्रेस स्थापनाकालदेखि समानुपातिक समावेशीताको सिद्धान्त अवलम्बन गरेको उदाहरण दिँदै उनले संघीय लोकतान्त्रिक गणतन्त्र र समानुपातिक समावेशीतालाई कांग्रेसले नछाड्ने दाबी गरे ।

वर्तमान सरकार परिस्थितिको उपज भएको भन्दै यो तीन वर्षको अवधिलाई जनताको पक्षमा अधिकतम सदुपयोग गर्नुपर्नेमा जोड दिए ।



दैनिक लुम्बिनी

# दश वर्षे माओवादी जनयुद्ध अमर छ



विन बहादुर कुँवर




आज फागुन-१ अर्थात् माओवादी जनयुद्ध थालनीको पहिलो दिन । २०५२ साल फागुन १ गते तत्कालीन नेकपा(माओवादी) ले नेपालमा पहिलो पटक माओवादी महान् जनयुद्धको थालनी गरेको थियो । आज यो थालनी भएको २९ वर्ष पूरा भई ३०औं वर्षमा प्रवेश गर्दैछ । यसैको स्मरणमा सर्वप्रथम यसका हजारौं क्रान्तिकारी सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, अपाङ्ग तथा बेपत्ता क्रान्तिकारी योद्धाहरुप्रति सम्मान र सहानुभूति छ ।

हिजो जुन उद्देश्यका साथ त्यो माओवादी जनयुद्ध थालनी गरिएको थियो । त्यो पूरा नहुँदै यसको अन्त्य गरियो । त्यतिबेला भनिएको थियो- 'जनयुद्ध थालनी हाम्रो योजना राज्यसत्ता बाहेक अरु भ्रम हो भन्ने मान्यतामा आधारित हुनेछ । जनताका निमित्त राजनीतिक सत्ता कब्जा गर्नु सशस्त्र संघर्षको प्रमुख उद्देश्य हो । हाम्रो योजना सामन्तवाद साम्राराज्यवाद ध्वंश गरी नयाँ जनवादी क्रान्ति पूरा गर्ने त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्ति चलाउँदै मानव जातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्यमा आधारित हुनेछ ।' तर आज यो सबै सपना जस्तै भएको छ । समाजवाद र साम्यवादको त कहाँ हो कहाँ नयाँ जनवाद नै पनि त्यसले पूरा गर्न सकेन । बुर्जुवा गणतन्त्र त्यो पनि परजीवी विश्व साम्प्रराज्यवाद र विस्तारवादद्वारा पालित पोषित राज्य सत्ता व्यवस्थामै थन्किन पुगेको छ । सामन्तवाद र साम्प्रराज्यवादको ध्वंश होइन संरक्षण र पृष्ठपोषक गर्ने काम भएको छ । तत्कालीन यो माओवादी जनयुद्धका प्रमुख नायकहरु प्रचण्ड-बाबुराम र बादल यी सबै यही प्रतिक्रियावादी राज्य सत्ताका बफादार कारिन्दा र दलाल भइसकेका छन् । देश र जनताप्रति ठूलो गद्दारी र धोका भएको छ । स्वयं त्यतिबेला उनीहरुले भनेका थिए-'एक पटक हतियार उठाएपछि त्यसलाई अन्तिमसम्म (जुन माथि भने जस्तै नयाँ जनवाद हुँदै समाजवाद र साम्यवाद) लैजाने दृढता विना सशस्त्र संघर्ष थालनी गर्नु सर्वहारा वर्ग एवम् आम जनताप्रति अपराध हुने कुरामा हामी दृढ छौं । यो संघर्ष जनताको स्थितिमा आंशिक सुधार गर्ने प्रतिक्रियावादी वर्गलाई दबाब दिई सामान्य सम्झौतामा टुंग्याउने साधन बन्न कदापि दिइने छैन ।' तर यहाँ उनीहरुले हिजो जे गरे र आज जे गर्दै छन् त्यो सब हिजो उनीहरुले भने जस्तै सर्वहारा वर्ग र आम जनताप्रति 'अपराध' गरेका छन् । यसरी यी अपराधी-गद्दारहरुप्रति अहिले जतिसुकै घृणा र अपमान गरे पनि कमी नै हुन्छ । तिनै हजारौं क्रान्तिकारी सहिदहरु र हजारौं अपाङ्ग, घाइते र बेपत्ता योद्धाले रगत पसिनामाथि होली खेल्दै आज यही प्रतिक्रियावादी सामन्ती, दलाल र नोकरशाही बुर्जुवा सत्ताका पहरेदार दलाल र नायक बन्ने गरेका छन् । धिक्कार छ । अझ लाजै नमानी प्रचण्ड भन्दै छन् पुनः विद्रोह गरिन्छ । मर्ने बेलामा कमिलाका प्वाँख आए जस्तै ।

त्यो माओवादी जनयुद्धलाई त्यतिबेला जनताको स्थितिमा आंशिक सुधार गर्ने गरी सामान्य सम्झौता टुंग्याउने साधन बन्न कदापि दिइने छैन भनिएको थियो । तर पछि १० वर्षे माओवादी जनयुद्धको दौरानमा एकाएक १२ बुँदे दिल्ली समझदारी गरी त्यसलाई टुङ्गाइयो । त्यो पनि साम्प्रराज्यवादी र विस्तारवादीहरुको घर आँगन र उनीहरुको मिलेमतो र संरक्षणमा टुङ्गाइयो । त्यतिबेला त्यसलाई धेरैले स्वागत गरे । ठूलठूला अबिर जात्राहरु भए । प्रचण्ड-बाबुराम-बादल सबै हाई हाई भए । लगातार १० वर्षसम्म ठूलठूला फौजी आक्रमण र हमला गर्दा पनि टुङ्गाउन नसकिएको त्यो १० वर्षे माओवादी जनयुद्धलाई भारतीय विस्तारवादको एउटा सानो इशारामा १२ बुँदे दिल्ली समझदारी गरी टुङ्गाइयो । दुनियाँले त्यसको स्वागत गरे पनि हामी केहीले भने त्यसको तत्काल विरोध गर्‍यो र लेख्यो-'आत्मसर्मण भन्दा क्रान्तिकारीहरुले मृत्युवरण रोज्नु पर्दछ । तर यहाँ आफ्नो निम्न पुँजीवादी कुपमन्डुकताबाट विकास भएको आत्मसमर्पणवादलाई माओवादी नेतृत्वले विश्व क्रान्तिको दिशाको रुपमा हास्यास्पद दाबी गर्न थालेको छ । १० वर्षे क्रान्तिकारी युद्धको दौरानमा आर्जित उत्पीडित जनताको पक्षमा भौतिक एवं आत्मिक मूल्यहरुलाई संसद र सरकारी सिटमा सौदाबाजी गरेर विसर्जन गर्ने र जनताले कुनै उपलब्धि हासिल गर्ने कुनै पनि संकेतसम्म नदेखिदै युद्ध अन्त्यको घोषणाले १३ हजार माओवादी सहिदहरुको मजाक उठाउने माओवादी नेतृत्व आधुनिक संशोधनवादीहरु कित्तामा सबैभन्दा कुरुप देखिन पुगेको छ । यस विरुद्ध क्रान्तिकारी उभार अपरिहार्य छ ।' मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद भन्ने पुस्तक भाग १ पृष्ठ-७ बाट) आखिर अहिले त्यही भएको छ । तत्कालीन माओवादी नेतृत्व प्रचण्ड-बाबुराम र बादल गाँसे कुकुर जस्तै कहिले कांग्रेसको भने कहिले एमालेको कलो खाई बाँचिरहेका छन् । तर अहिले कांग्रेस-एमालेले प्रचण्डलाई त्यो खान नदिए पछि प्रचण्ड बेचैन छट्पटिदै भन्न थालेका छन्- पुनः विद्रोह गरिन्छ । 'कही नभाको जात्रा हाँडी गाउँमा ।' 'खुट्टी देख्दै पत्याइयो । आमाको दुध चुसेर पुगेन बाउको घोडा चुस्ने भनेको यही हो ।'

तै पनि बाबुराम-बादल आदि माओवादी जनयुद्धको नामै लिन छोडे पनि प्रचण्ड अहिले पनि बेला मौकामा त्यो जनयुद्धको हुन्कार गर्न भने छोडेका छैनन् । आफू प्रधानमन्त्री हुँदा फागुन १ लाई जनयुद्ध दिवस मनाउने गरी गरिएको एक दिने राष्ट्रिय बिदा, तर त्यसलाई सर्वोच्च अदालतले खारेज गरेपछि पनि प्रचण्डले त्यसैलाई आफ्नो उपलब्धि भन्दै माओवादी जनयुद्ध समर्थकलाई आफ्नो समर्थक बनाउँदै आएका छन् । यसै क्रममा पटक-पटक एमाले अध्यक्ष तथा प्रम केपी ओलीले त्यो माओवादी जनयुद्धलाई 'हिंसा' भन्दै त्यसको विरोध गर्दै आइरहेका छन् । त्यसलाई अझ बल पुऱ्याउने गरी हालै मात्र पूर्व माओवादी प्रमुख कमाण्डरका नेता हालका एमाले उपाध्यक्ष रामबहादुर थापा (बादल) लाई समेत त्यो 'हिंसा' नै भएको भन्न लगाएका छन् । जसको कलो खाई उसैको गलो गाई स्वाभाविक छ । हिजो प्रचण्डको कलो खाई जनयुद्धको गलो गाए आज ओलीको कलो खाई जनयुद्धको विरोधी गलो मिलाए । क. बादलको आफ्नो वास्तविक हैसियत यसबाट छर्लङ्ग भएको छ । तर यसप्रति प्रचण्ड माओवादी छाउराहरुको ठूलो आपत्ति छ । फेसबुक, मिडिया चारैतिर यसको विरुद्धमा रुवाबासी छ । बादल गद्दार । गिरफ्तार गरी जेल कोच्चनुपर्ने अनरर्गल प्रचारबाजी छ ।

हिजो १० वर्षे माओवादी जनयुद्धलाई हिंसा भनी विरोध गर्ने कुरा नौलो कुरा होइन । पूर्व राजा वीरेन्द्र-ज्ञानेन्द्र अनि पञ्चे-मण्डलेदेखि लिएर कांग्रेस-एमाले यतिसम्मकि एकता केन्द्र मसाल सबैले यसलाई हिंसा र आतंक नै भनी निन्दा र घृणा गरेकै हुन् । माओवादी नेताका टाउकाका मूल्य तोकिए । सयौं माओवादी नेता र कार्यकर्ताहरुलाई सुराकी गरी गिरफ्तार गरी कतिपयलाई मारियो भने थुप्रैलाई जेल कष्टडीमा जाकियो । तर जब माओवादी नेतृत्व प्रचण्ड-बाबुराम मण्डलीले भारतीय विस्तारवाद समक्ष आत्मसमर्पण गरी १२ बुँदे दिल्ली समझदारी सम्झौता गरेपछि भने एकएक तिनै माओवादीहरु लोकतन्त्रवादी र जनपक्षीय भए । आतंककारी र हिंसा उन्मुख भए भनियो । तर आज तिनै माओवादी खासगरी प्रचण्ड पक्षधरलाई बताउँदै माओवादी-जनयुद्धलाई हिंसा भन्ने गर्दा केही पूर्व माओवादीहरुको टाउको दुखाई छ । तर वास्तवमा माओवादी जनयुद्ध हिंसा नै थियो र हो ।

स्वयं तत्कालीन नेकपा (माओवादी) ले त्यो जनयुद्धको पहिलो थालनी अर्थात फागुन १ का लागि अघि सारेको सात बुँदे योजनाको पहिलो प्रस्तावको पहिलो बुँदामा नै भनेको थियो-' यो योजना क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवादी-लेनिनवादी-माओवादी शिक्षामा आधारित हुनेछ ।' अब भनौं हिंसा के हो ? किन र केका लागि हिंसा ? हिंसालाई मार्क्सले इतिहासको सुडिनी भनेका छन् । त्यस्तै माओले हिंसा विना अपवाद एक विश्वव्यापक नियम हो भनेका छन् । गोञ्जालो भन्छन्-'यो मार्क्सवादको एक सारभूत प्रश्न हो किनभने क्रान्तिकारी हिंसा बेगर हामी एक वर्गको स्थानमा अर्को वर्गलाई खडा गर्न सक्दैनौं ।' अब भनौं हिंसा किन र के का लागि ? हिंसा कुनै रहर होइन, बाध्यता हो । वर्गीय समाजमा शोषक र शासक वर्गको स्थानमा शोषित र शासित वर्गलाई पुऱ्याउन अर्थात् सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताको ठाउँमा शोषित, पीडित, सर्वहारा, किसान, मजदूर उत्पीडित वर्गलाई शासक वर्गमा रुपान्तरण गर्नका लागि हिंसा अनिवार्य छ । हो, यसैको लागि २०५२ साल फागुन १ मा तत्कालीन माओवादी पार्टीले माओवादी जनयुद्धको नाममा हिंसाको थालनी गरेको थियो । जुन केही उद्देश्य माथि नै बताई सकिएको छ ।

त्यसैले आज कसैले १० वर्षे माओवादी जनयुद्धलाई हिंसा भन्दा कुनै आपत्ति गर्नुपर्ने केही छैन । सत्ताधारी शासक वर्गका लागि हिंसा जहिले पनि घृणित नै हुन्छ । किनकि आफू खाईपाई आएको सिंहासन खोस्ने कुरा कसैलाई पनि जाति लाग्दैन । हो आज केपी ओली, शेरबहादुर र उनका सब आसेपासेहरु सत्ताको सिंहासनमा आसिन छन् र ब्रहमलुट मच्चाई रहेका छन् । त्यसैले उनीहरुलाई हिंसा मन पर्दैन र त्यसको विरोध गरिरहेका छन् । ठीक यो प्रचण्डको हकमा पनि सत्य हो । तर आफैंले गला रेटी हत्या गरिएको त्यो १० वर्षे जनयुद्धलाई हिंसा भन्दा त्यसको विरोध गर्नु त्यो खाली गोहीका आँसु चुहाने मात्र हो । जति अघि बढ्दै उति पाइला मेट्दै भने जस्तै गरी २०२८ सालको झापा विद्रोह अनि २०५२ साल फागुन १ को १० वर्षे माओवादी जनयुद्धलाई हिंसा भनी गिज्याइरहेका छन् । जसको राप-तापमा जन्मे र हुर्के अनि देशका ठूलठूला नेता मन्त्री र प्रधानमन्त्री समेत भए, आज तिनै केपी ओली, प्रचण्ड-बाबुराम र बादलहरुले त्यसैको निन्दा, घृणा र बर्खिलाप गर्दै छन् । आमा खाने बाउँ खाने थुइय माउखाने ।

आज फागुन १ गते १० वर्षे माओवादी जनयुद्धको पहिलो थालनीको दिनमा केही माओवादी घटकहरुले यसको स्मरण गर्ने गरेका छन् । यतिसम्मकि आफैंले जन्माएको र हुर्काएको शिशुलाई पछि आफैंले त्यसको गला रेटी हत्या गरेका हत्यारा प्रचण्ड मण्डलीले समेत यसको स्मरण गर्ने गरेका छन् । यो बाचुञ्जेल जहिले पनि छिछि र दुरदुर गरी दुःख कष्ट दिने, तर मरिसकेपछि लाजै नमानी काजकिरिया र श्राद्ध आदि गर्ने लोकचार गरे जस्तै हो । वास्तवमा खाली यसको स्मरण मात्रै गर्ने होइन यो १० वर्षे माओवादी जनयुद्धको पुनर्स्थापना गर्नुछ । तर आज प्रचण्ड-बाबुराम-बादल बाहेकका केही माओवादी घटकहरु पनि यसबाट बरालिदै छन् । एकीकृत जनक्रान्तिको नारा दिँदै आएका विप्लव सि पनि जनयुद्धकै हत्याराहरुसँग घाँटी जोड्दै यही राज्य सत्ताअन्तर्गतको संसदीय निर्वाचनमा होमिन थालेका छन् । वैद्य समूहको हालत पनि त्यस्तै दोक्लो न यता न उता । जनयुद्ध भने पनि त्यस अनुरुपको कार्यदिशा र कार्य योजना छैन । हुनत भनिन्छ अगुल्टाले हानेको कुकुर बिजुलीदेखि पनि तर्सन्छ । आज त्यही भएको छ ओली-बादल-बाबुरामको तमसा यस्तै छ । अब पछि क्रमशः प्रचण्ड-विप्लव र अरुहरु सबको पनि स्थिति यस्तै हुँदै जानेछ । प्रतिक्रान्तिको जहरले सबैलाई लठयाइसकेको छ । तैपनि ढिलो-चाँडो १० वर्षे माओवादी जनयुद्धको पुनर्स्थापना र विकासका लागि नयाँ क्रान्तिकारी पिंढी जागी अघि बढ्ने नै छन् र आशा गरौं । १० वर्षे माओवादी जनयुद्ध अमर छ, मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !

## सम्पादकीय

### ढलापडा काठ निकाल

वन जोगाउने भन्दै वनबाट ढलापडा काठ निकाल्न आनाकानी गर्ने सरकारी रवैया गलत छ । ढलापडा काठ निकाल्दा वनमा हुर्किरहेका रूखबिरूवालाई फाइदा हुन्छ नै, राज्यलाई आम्दानी पनि हुन्छ । ढलापडा काठ निकालेर बजारमा पठाउन सके अहिले भइरहेको काठ आयातलाई न्यूनीकरण गर्न सकिन्छ । राज्यको गलत नीतिले यहाँ काठ कुहिएर जाने, तर विदेशबाट आयात हुने वातावरण बनेको छ ।

राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, निजी वनलगायत सबै प्रकारका वनबाट ढलापडा काठ निकाल्ने र बेच्ने थिति बसाल्दा मुलुकको काठ आयात रोक्न सकिन्छ । देशको पैसा बाहिर जाँदैन । राज्यले राजस्व बापत पैसा कमाउन सक्छ । एक उच्चस्तरीय छानबीन समितिको सुझावलाई मान्दै २०७७ जेठ १५ गते बसेको मन्त्रिपरिषद् बैठकले सबै किसिमका काठ कटान, सङ्कलन, बिक्री–वितरण र ढुवानी बन्द गर्ने निर्णय गऱ्यो । त्यसपछि माघ ११ गते बसेको मन्त्रिपरिषद् बैठकले वैज्ञानिक वन व्यवस्थापन लागु नभएका वनमा मात्र काठ दाउराको बिक्री वितरण खुला गर्ने निर्णय गऱ्यो । यो निर्णयले वैज्ञानिक वन व्यवस्थापन भएका रूपन्देहीलगायत विभिन्न जिल्लाका सामुदायिक वनमा अहिले काठ कुहिएर नोक्सान भएको छ । सरकारले व्यवस्थापनबारे ध्यान दिएको छैन । कुहिएर जानुभन्दा बिक्री गर्ने वातावरण बनाउन सके राज्यले आम्दानी गर्न सक्थ्यो ।

वनलाई संरक्षण गर्नुपर्छ, त्यो अनिवार्य शर्त हो, तर संरक्षणको नाउँमा ढलापडा काठ निकाल्न बन्द गर्ने प्रवृत्तिले देशलाई फाइदा गर्दैन । बरु त्यसले निम्त्याउने विपत्ति नै हो । ढलापडा काठ ननिकाल्ने हो भने सुख्खायाममा डढेलो लाग्दा जोखिम धेरै हुन्छ । वनमा ढलापडा काठ निकाल्न नदिने काम वन जोगाउनेभन्दा काठ व्यापारीको पक्षमा हो भन्ने बुझ्न कठिन छैन । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज भयो तर अर्को कार्यविधि तयार भएन, अर्को कार्यविधि बनाउन चासो दिइएन । यस्तो प्रवृत्तिले वन संरक्षण होइन, वनमा भद्रगोल र मनपरी गर्नेलाई छुट हुन्छ । राज्य विधिले चल्ने हो । विधिले थिति बसाल्ने हो । अहिले वनका बारेमा गरेका निर्णय र सरकारले चालेका कदमले थिति बस्दैन । वनबाट केही ननिकाल्ने र कसैलाई पस्न नदिने नीतिले मात्रै वन जोगिदैन ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक एक दशमलव ८६ अङ्कले बढेर दुई हजार छ सय ८५ दशमलव ७३ को विन्दुमा कायम भएको हो ।

तीन सय सात कम्पनीको एक करोड ५५ लाख २० हजार पाँच सय ५९ कित्ता शेयर ८२ हजार आठ सय ५० पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७१ करोड ७८ लाख ४७ हजार बराबरको कारोबार भएको छ ।

कारोबारमा विकास बैंक एक दशमलव ३३, वित्त एक दशमलव ५६, लगानी एक दशमलव २२ र जीवन बिमा समूह एक दशमलव ४८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव शून्य नौ होटल तथा पर्यटन शून्य दशमलव ६३, जलविद्युत् शून्य दशमलव शून्य चार र उत्पादन तथा प्रशोधन शून्य दशमलव ३१ प्रतिशतले घटेको छ ।

त्यस्तै, लघुवित्त शून्य दशमलव ११, म्युचुअल फण्ड शून्य दशमलव शून्य नौ, निर्जीवन बिमा शून्य दशमलव शून्य तीन, व्यापार शून्य दशमलव ९१ र अन्य समूह शून्य दशमलव ४७ प्रतिशतले घटेको छ । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको सबैभन्दा बढी रु ३९ करोड ६० लाख २२ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको पाँच लाख १४ हजार एक सय कित्ता शेयर किनबेच भएको छ ।

# ग्यासट्राइटिस हुने कारण र जोखिम



ग्यासट्राइटिस अल्पकालीन र दीर्घ(क्रोनिक) दुवै हुन सक्छ । एक सर्वेक्षण अनुसार विकान्सोमुख देशका कुल ५०।८ प्रतिशत र विकसित देशका ३४.७ प्रतिशतमा ग्यासट्राइटिसको समस्या हुन्छ । नेपाल, भारत जस्ता बढी तेलीय र मसलादार खानेकुरा खाने प्रचलन भएका देशमा यसको समस्या उच्च छ । ग्यासट्राइटिसको समस्याले आधाभन्दा बढी जनसंख्यालाई सताए पनि औषधी उपचार र जीवनशैलीको परिवर्तनबाट यसलाई न्यूनीकरण तथा निर्मुलिकारण पार्न सकिन्छ ।

**ग्यासट्राइटिस हुने मुख्य कारण**

- अत्याधिक मदिरा सेवनले पाचन प्रणालीमा क्षति गर्छ । तसर्थ मदिराको अत्याधिक सेवनले पनि व्यक्तिमा ग्यासट्राइटिसका समस्या निम्त्याउँछ ।
- ब्याक्टेरियल संक्रमण (एच.पाइलोरीजस्ता वा अन्य)ले पनि ग्यासट्राटिसको सम्भावना बढाउँछ ।
- पित्तथैलीमा आएको समस्याले पनि ग्यासट्राइटिस गराउँछ । शरीरमा बोसको मात्रा वृद्धि गर्ने खानेकुरा पचाउनका लागि पेटले पित्तको उत्पादन गर्दछ । यदि सो पित्त सानो आन्द्रामा नभई पेटमा नै फर्किएको खण्डमा यसले पनि व्यक्तिमा ग्यासट्राईटिसको जोखिम बढाउँछ ।
- अन्य स्वास्थ्य समस्याका कारण सेवन गरिने विशेष औषधिले ग्यास्ट्राइटिसको समस्या पैदा सिर्जना गर्दछ ।
- शरीरमा चोटपटक लागेको अवस्थामा पनि ग्यास्ट्राइटिसको जोखिमलाई बढाउँछ।
  चोटपटक पेटबाहेक अन्य अंगमा लागे पनि ग्यासट्राइटिस हुन सक्छ । पेटमा मात्रै नभएर अन्य भाग (मस्तिष्कको चोटपटक) ले पनि व्यक्तिमा ग्यासट्राइटिस हुने सम्भावना बढ्छ ।
- कहिलेकाहिँ शरीरको प्रतिरक्षा प्रणालीले आक्रमण गरेर पनि हुन्छ ।

**जो जोखिममा छन्**

ब्याक्टेरियाका कारण गम्भीर समया भएका तथा वा रोग प्रतिरक्षा कमजोर भएको अवस्थामा पाइलोरी ब्याक्टेरिया मात्रै होइन ।

पेटको भित्री भाग, प्रतिरक्षा प्रणालीका साथै बढ्दो उमेरका क्रममा व्यक्ति मोटो, दुब्लो अथवा कमजोर हुँदै जानु (यी समूह ग्यासट्राइटिसका औषधि सेवन गर्नुपर्ने अवस्थाका सम्भावित व्यक्तिहरु हुन् ।)

तसर्थ पाको उमेरका व्यक्तिमा ग्यासट्राइटिसको सम्भावना उच्च रहन्छ ।

**अत्याधिक मध्यपान गर्नेहरु**

शारीरिक तनावबाट ग्रसित समूह (जस्तैः संक्रमण तथा चोटपटक लागेका व्यक्तिहरु) ।

अटोइम्यून डिसअर्डर भएका समूहहरु आदि ।

स्वास्थ्य खबरबाट

# मौरीपालक किसान प्रवर्द्धनमा प्रदेश सरकारको सहयोग



**श्रीराम ज्ञवाली**

*बुटवल*

स्वास्थ्यका हिसाबले महलाई राम्रो मानिन्छ । त्यसैले क्रमश मौरीपालक बढ्दै गएका छन् । मह उत्पादन पनि बढ्दै गएको छ ।

लुम्बिनी प्रदेशमा पनि महको उत्पादन बढेको छ । तथापि मूल्य, गुणस्तर ,अस्वस्थ प्रतिस्पर्धा, महको महत्वको बारेमा जानकारीको कमीजस्ता कारण अर्गानिक मह बिक्री हुन सकेको छैन ।

अहिले मह अन्य देशमा निर्यात नभएको साथै उत्पादक बढ्दै गएको र महको महत्वको बारेमा जानकारी कम भएका कारणले अर्गानिक मह उत्पादनअनुसार बिक्री हुन नसकेको हो । नेपालको हावापानी अनुसार ५ प्रजातिका मौरी पालन गर्न सकिन्छ । विशेषगरी लुम्बिनी प्रदेशअन्तर्गतका जिल्लाहरुमा पहाडी जिल्लाहरुमा पुरानो प्रविधिबाट पालन गरिने सेराना जातको मौरी पालन गरिएको छ भने तराईलगायतका जिल्लाहरूमा मेलिफेरा प्रजातिको मौरी पालन गरिएको छ ।

मेलिफेरालाई उन्नत जातको मौरी मानिन्छ । लुम्बिनी प्रदेशमा मुख्यत यी २ जाति मौरीको पालन गरिएको छ ।

नेपाल मौरीपालक महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष रामहरि शर्माले लुम्बिनी प्रदेशमा अनुज्ञापत्र लिई सञ्चालन गरिरहेका मौरीपालक कृषकलाई रुपन्देहीको बुटवल बिक्री केन्द्रमा रहेको मह बिक्री केन्द्रले खरिद गरी सहजीकरण गरिरहेको बताए । उनले महासंघले नेपाल सरकार र अन्य सहयोगी संस्था र व्यक्तिहरूसँगको समन्वयमा नयाँ प्रविधि र मूल्य श्रृंखला दृष्टिकोणको विकास गरी मौरीपालकहरूलाई प्रवर्धन गरीरहेको बताए ।

महासंघले मौरीपालकको उत्पादन वृद्धि राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न र आर्थिकस्तर माथि उठाउन पहल गरेको छ । विभिन्न वनस्पति र फूलहरूमा पाइने पुष्परस तथा गुलियो पदार्थलाई मौरीले संकलन तथा प्रशोधन गरी चाकामा भण्डार गरेको सुगन्धित गुलियो चिपचिपे अर्ध तरल पदार्थ मोह हो ।

मह जम्नु नजम्नु यसको रङ्ग ,स्वाद,वासना आदि पुष्प रसको स्रोत मौरीको जात तथा मौसममा भर पर्छ ।

मह जम्दैमा अशुद्ध हुँदैन । १ किलो मह बराबर १२ किलो स्याउ, ७ किलो सुन्तला, ८ किलो आरु ,१ दशमलव ८६ किलोग्राम मासु ,२ किलो माछा, ६५ बाट अण्डा, ७ दशमलव ४ किलो दूध ,२० किलो गाजर, १८ किलो मोटर बराबरको हुन्छ ।

मह धार्मिक रूपमा पञ्चामृतका पाँच तत्त्वमध्यको एक तत्त्व हो । जन्मेदेखि मृत्यु पर्यन्त सबै कर्मकाण्डमा महको आवश्यकता पर्छ । शक्तिवर्धक खाद्यवस्तु हो । मह सेवन गर्नासाथ रगतमा मिल्ने हुनाले तुरुन्तशक्ति प्रदान गर्दछ, रक्त अल्पताका लागि मह सेवन आवश्यक हुन्छ ।

खेलाडी वा कडा परिश्रम गर्नेहरूलाई मह सेवनबाट राहत मिल्छ । मानसिक तनावले टाउको दुख्नेहरुका लागि सेवन आवश्यक छ । औषधिको रुपमा पनि प्रयोगहुन्छ प्रतिजैविकी गुण भएको पित्त ,कफ आदिमा फाइदाजनक हुन्छ । बच्चाहरूको रुगा खोकीका लागि उत्तम छ ।

शरीरमा घाउचोट लागेमा पोलेको घाउमा महले सफा गर्दा छिटो निको हुन्छ । महिलालाई महिनामारीको समयमा पेट दुख्ने समस्यामा निको पार्न काम लाग्छ ।

सौन्दर्य प्रसाधनको रुपमा पनि यसको विशेष महत्व छ। अनुहारमा आउने चायाँ, पोतो ,दागमा मह र दूध बराबर मिलाएर लगाउँदा मुलायम बनाउँछ ।

महबाट बनेको साबुन, स्याम्पु, क्रिम आदिको प्रयोगबाट छाला, कपाल चम्किलो र नरम हुन्छ ।

महलाई एन्टीबायोटिक र औषधिको रुपमा प्रयोग हुन्छ । यसलाई पौष्टिक आहार मानिन्छ । पुरानो घाउ, खटिरा दाजको ड्रेसिङका लागि पनि प्रयोग गरिन्छ ।

अहिले उत्पादन भएको तोरीको मह ६०० प्रति किलो र रुँदिलो र चिउरीको मह ८०० प्रति किलो बिक्री गरिएको छ । कृषि विकास निर्देशनालय लुम्बिनी प्रदेशका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले लुम्बिनी प्रदेशमा मौरीपालकहरुका लागि बिक्रीमा समस्या नहोस् र उपभोक्ताले गुणस्तरीय र सुपथ मूल्यमा मह प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले मौरीपालक महासंघमार्फत् सञ्चालन बिक्री केन्द्रको लागि भाडामा ५० प्रतिशत अनुदान दिएको बताए । उनले निर्देशनालयअन्तर्गतका जिल्ला शाखाहरूमार्फत् प्रशिक्षण, प्राविधिक ज्ञान, चरणक्षेत्र विस्तारलगायतका सेवाहरू प्रदान गरिरहेको बताए ।

उनले उपभोक्ताले चाहेर पनि गुणस्तरीय मोह नपाएको अत्याधिक मूल्य तिर्नुपरेको जनगुनासो पनि कम हुने अपेक्षा गरेको बताए ।

निर्देशनालयले जिल्ला प्रशासन कार्यालय मार्फत् संघमा मौरिपालक प्रवर्द्धनको माग गरेको उनले जनाए ।

लुम्बिनी प्रदेशमा रहेका ६ सय १५ जना कृषकका मेलिफेरा गोला २५ हजार ६ सय २४ र सेरानातर्फ ३ हजार ४ सय ५० गोला रहेको र यसले प्रत्यक्षतर्फ ६ सय १५ जना र अप्रत्यक्ष करिब ३ हजार जनालाई रोजगार दिएको छ । लुम्बिनी प्रदेशमा मात्र २५ करोड ६२ लाख ४० हजार रुपैयाँ बराबरको रकम कृषकबाट मौरी र मौरी घारमा लगानी भएको देखिन्छ भने मेसिन औजारतर्फ करिब १० करोड लगानी भएको देखिन्छ ।

यसैगरी मह उत्पादन तर्फबाट वार्षिक रुपमा ३८ करोड ४३ लाख ६० हजार रुपैयाँ कृषकहरुले आम्दानी गरेको देखिन्छ । लुम्बिनी प्रदेशअन्तर्गत दाङमा मात्र ५० प्रतिशत मह उत्पादन हुन्छ ।

# मानसरोवर प्रतीकात्मक उद्यान अलपत्र

बाँके । लुम्बिनी प्रदेश सरकारले बाँकेको बैजनाथ गाउँपालिकामा निर्माण सुरु गरेको मानसरोवरको प्रतीकात्मक उद्यान अलपत्र परेको छ। विसं २०७६ फागुन ५ गते लुम्बिनी प्रदेशका तत्कालीन मुख्यमन्त्री शङ्कर पोखरेलले बैजनाथ-६ स्थित न्यू हरियाली सामुदायिक वन क्षेत्रमा मानसरोवरको प्रतीकात्मक उद्यान बनाउने योजनाको शिलान्यास गरेका थिए । शिलान्यास भएको पाँच वर्ष पुग्न लाग्दा पनि निर्माणले गति लिन सकेको छैन।

करिब रु पाँच करोडभन्दा बढीको लागत लाग्ने अनुमान गरिएको उक्त योजनामा हालसम्म रु दुई करोडभन्दा बढी खर्च भइसकेको छ । अन्य सहायक संरचना निर्माण गरिए पनि मानसरोवर प्रतीकात्मक पार्क निर्माण हुन नसकेको स्थानीय नन्द विश्वकर्माले बताए । प्रदेश सरकारको बेवास्ताका कारण उक्त पार्क अलपत्र परेको उनको भनाइ छ। पार्क निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा रु ६३ लाख ४४ हजार बजेट खर्च गरिएकामा आव २०७७/७८ मा रु ५० लाख, आव २०७८/७९ मा रु ४० लाख, आव २०७९/८० र आव २०८०/८१ मा रु १० लाख विनियोजन भएको पर्यटन कार्यालय कोहलपुर बाँकेका प्रमुख टङ्कनाथ खनालले जानकारी दिए। उनका अनुसार चालु आवमा ३० लाख बजेट विनियोजन भएको छ।

उनका अनुसार यस वर्षको बजेटबाट मानसरोवरको प्रतीक बनाउन ठेक्का आह्वान गर्न लागिएको छ। आव २०७८/७९ सम्म वन मन्त्रालयअन्तर्गतको डिभिजन वन कार्यालयले बजेट खर्च गरेकामा त्यसपछिका वर्षदेखि पर्यटन डिभिजन कार्यालय कोहलपुरले उक्त योजनाको बजेट खर्च गर्दै आएको छ।

विगतमा खर्च भएको बजेटबाट मानसरोवरको प्रतीक नबनाई पोखरी, पर्खाल र दलित संग्रहालय बनाउने उद्देश्यले एक भवन र केही प्रतीक्षालय निर्माण भएको छ। निर्माण गरिएका संरचना पनि कति भत्किन थालेका छन् भने भवनका झ्याल तोडफोड गरिएका छन् । पार्कको गेट खुलै हुँदा संरचनाको दुरूपयोग भइरहेको स्थानीय न्यू हरियाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामकुमार रानामगरले बताए।

निर्माण भएका संरचनाका संरक्षणबारे प्रदेश सरकारले आफूहरूसँग कुनै सहकार्य नगरेको रानामगरको भनाइ छ। सामुदायिक वनमा मानसरोवरको प्रतीक बन्न लागेकोमा उत्साहित भएका स्थानीयहरू योजना अलपत्र परेपछि निराश हुन थालेका उनले उल्लेख गरे।

मानसरोवरको प्रतीकात्मक बोटानिकल गार्डेन पार्क नाम दिइएको उक्त योजनाको मुख्य संरचना तिब्बतमा रहेको कैलाश मानसरोवरको जस्तै प्रतीकात्मक पहाड निर्माण गर्ने रहेको नेपालगञ्जका पर्यटन व्यवसायी भाष्कर काफ्लेले जनाए । भारतको मानसरोवर जानका लागि विभिन्न स्थानबाट यहाँ आउने पर्यटकहरूलाई उक्त पार्कसम्म आउने वातावरण बनाउने तथा मानसरोवर जान नसक्ने पर्यटकलाई केन्द्रित गरी पर्यटन प्रवर्द्धन गर्न सकिने उनले उल्लेख गरे।

यस क्षेत्रको पर्यटनको भविष्य मानसरोवरका तीर्थयात्रीसँग जोडिएको भन्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण सुरु गरिएको उक्त पार्क अलपत्र पर्नु दुःखद् विषय भएको काफ्लेले बताए । यथाशीघ्र पार्क निर्माणमा सरोकार भएका निकाय, तीनै तहका सरकारले पहल गर्नुपर्नेमा उनले जोड दिए।

# छुट्टा छुट्टै दुर्घटनामा एक जनाको मृत्यु, दुई जना घाइते

पाल्पा । पाल्पामा छुट्टा छुट्टै दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

रामपुर नगरपालिका वडा नं.ः ३ निस्दीखोलाबाट कृतिपुरतर्फ आइरहेको लु ४ त ५२७१ नम्बरको ढंगा बोकेका ट्र्याक्टरको ट्रलीमा बसेका रामपुर नगरपालिका वडा नं. १ बर्दाकोटका १५ वर्षीय नारायण सारुको मृत्यु भएको छ ।

सारु ढुंगा बोकेको ट्र्याक्टरको ट्रलीबाट लडेका थिए । उनको उपचारको क्रममा इनोभा अस्पताल काठमाडौंमा मृत्यु भएको हो । सो ट्र्याक्टरका चालक प्रहरीको नियन्त्रणमा रहेका छन् ।

यसैगरी तानसेन नगरपालिकाको जोगीपानीस्थित पाल्पा-गुल्मी सडक खण्डमा इभी गाडी र मोटरसाइकल एक आपसमा ठक्कर खाइ दुर्घटना हुँदा दुई जना घाइते भएका छन् ।

हार्थोकदेखि तानसेनतर्फ आउँदै गरेको लु. प्रदेश ०१००१ ज ००७१ नम्बरको इभी गाडी र विपरीत दिशाबाट जाँदै गरेको लु १७ प ८८६४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाइ दुर्घटना हुँदा दुई जना घाइते भएका हुन् ।

घाइते हुनेमा मोटरसाइकल चालक गुल्मी छत्रकोट गाउँपालिका -१ हुँगाका ३८ वर्षीय प्रकाश पाण्डे र मोटरसाइकल पछाडि सवार मोटरसाइकल चालककी श्रीमती ३१ वर्षीया कमला पाण्डे घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

घाइतेमध्ये चालकको अवस्था मध्यम र कमलाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घाइते दुवै जनालाई मिसन अस्पताल पाल्पा पुऱ्याइ उपचार भइरहेकोमा थप उपचारको लागि हेलिकप्टरद्वारा ट्रमा सेन्टर अस्पताल काठमाडौं रिफर गरिएको छ ।

घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

# अस्पतालका स्वास्थ्यकर्मीले नै बिरामीलाई दिन थाले रगत




**रामकुमार श्रेष्ठ**

*नवलपुर*

मागअनुसारको रगत संकलन हुन नसकेपछि नवलपुरमा रगत अभाव भएको छ ।

नवलपुरको कावासोती र आसपासका अस्पतालहरुले शल्यक्रिया सेवा पनि थप गरेपछि रक्त सञ्चार केन्द्र कावासोतीमा संकलन भएको रगत नवलपुरमै पुऱ्याउन गाह्रो भएको नेपाल रेडक्रस कावासोतीका अध्यक्ष बाबुराम कंडेलले बताए ।

कंडेलले भने - 'अस्पतालमा बिरामीको चापका कारण रगतको माग बढेको छ, तर यही बेला दाताको संख्या घटेकाले रगतको माग धान्नै हम्मे हम्मे परेको छ ।'

रगत नपाएकै कारण कतिपय अवस्थामा बिरामीका आफन्त रगतको खोजीका लागि भौतारिरहेको भेटिने गरेको उनले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी उपशाखा कावासोती नवलपुर रक्त सञ्चार सेवाले नवलपुर जिल्लामा सामान्यतया १ महिनामा १ सय ५० युनिट रगत खपत हुने गरेकोमा अहिले १ महिनामा ३ सयभन्दा बढी युनिट रगत खपत हुने गरेको हो ।

मागको अनुपातमा नवलपुरमा रगत संकलन हुन नसकेको रेडक्रस कावासोती उपशाखा अध्यक्ष कंडेलले बताए ।

चितवनबाट समेत कावासोतीबाट रगत पठाउनु पर्ने भएकोले माग अनुसार रगत पुराउनै गाह्रो भएको उनले बताए ।

जाडोको मौसममा रुघाखोकीलगायतका कारणले नियमित रक्तदाताहरुमा पनि कमि आएको उनले जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी कावासोतीले संस्थागत रुपमा र व्यक्तिगत रुपमा पनि रक्तदान गर्न अनुरोध गरेको छ ।

मध्यविन्दु प्रादेशिक अस्पताल डण्डाका मेडिकल सुपरिटेण्डेन्ट डा. रमेशप्रसाद आचार्यले रगत अभावकै कारण अस्पतालमा शल्यक्रिया नै प्रभावित नभए पनि रगत अभाव भने देखिएको बताए ।

उनले भने - 'अस्पतालको आफ्नै ब्लड बैंक छैन । रगत अभाव भईहालेको थाहा हुन्न तथापि बिरामीहरुले रगत नपाएकै कारण अस्पतालकै कर्मचारीहरुबाट रगत दिएर काम चलाउने गरेका छौं ।'

अस्पतालभित्रकै नियमित रक्तदाता कर्मचारीहरुको सामाजिक सञ्जाल ग्रुप बनाएर शल्यक्रिया गर्ने बेला बिरामीको आफन्तले रगत नपाएर उक्त ग्रुपमा भनेर रगत अभाव हाललाई हल गर्ने गरेको डा. आचार्यले बताए ।

यसैबिच रगत अभाव भएपछि कावासोतीमा रक्तदान कार्यक्रमलाई तिब्रता दिएको छ ।

मंगलबार र बुधबार दुई दिन गरिएको रक्तदान कार्यक्रममा १ सय युनिट रगत संकलन भएको नेपाल रेडक्रस कावासोतीले जनाएको छ । बुधबार नेपाली सहयोगी मन कावासोती ३ को आयोजना र नेपाल रेडक्रस कावासोती उप शाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४९ जनाले रक्तदान गरेका छन् ।

त्यसैगरी मंगलबार कावासोतीको लुम्बिनी कलेजको वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा ५१ जना प्रध्यापक तथा विद्यार्थीहरुले रक्तदान गरेका थिए ।

# अर्घाखाँचीका दुई उद्यमी नगदसहित पुरस्कृत



**लक्ष्मण घिमिरे**

*अर्घाखाँची*

अर्घाखाँची जिल्लाका दुई उद्यमी पुरस्कृत भएका छन् । स्थानीयस्तरमा व्यवसाय गरिरहेका दुई जना उद्यमीलाई पुरस्कृत गरिएको हो ।

उद्योग, वाणिज्य तथा उपभोक्ताहित निर्देशनालयले अर्घाखाँचीको एस.पी व्लक तथा टायल उद्योग र सुपादेउराली साबुन एण्ड सरफ उद्योगलाई नगदसहित सम्मान गरेको हो ।

टायल उद्योगका शान्ता खत्री र सरफ उद्योगका बसन्ता खड्का रिजाललाई घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीले एक कार्यक्रमकाबिच नगद ४० हजार रुपैयाँसहित सम्मान गरेको कार्यालय प्रमुख दुर्गा न्यौपानेले बताइन् ।

'जिल्लाभित्रका उत्कृष्ट उद्यमी सम्मान तथा प्रोत्साहन पुरस्कार' कार्यक्रम अनुसार उनीहरु छनौट भएको कार्यालयले जनाएको छ । उद्योगमार्फत् रोजगारी सृजना तथा मुलुकको आर्थिक उन्नयनमा योगदान पुऱ्याएको भन्दै उनीहरु सम्मानित भएका हुन् ।

यसैबिच उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय सिद्धार्थनगर रुपन्देहीको आयोजना र घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीको सहजीकरणमा उपभोक्ता जागरण तथा उद्यमीसँग अन्तर्क्रिया कार्यक्रम भएको छ ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य रामजीप्रसाद घिमिरेले सरकारले उपभोक्ता र उद्यमी दुवैका लागि यस्ता अन्तर्क्रिया कार्यक्रम आवश्यक रहेको बताए । उनले उद्यमीका समस्या उद्यमीसम्बन्धी प्रदेश ऐन बनाउँदा उठान गर्ने प्रतिबद्धता जनाए । 'राज्यले असीमित रोजगारीका अवसरहरु उपलब्ध गराउन सक्दैन,' उनले भने- 'बेरोजगारीका समस्या धेरै समाधान गर्ने निजी क्षेत्रले हो, यसका लागि धेरै उद्योग, व्यवसाय फस्टाउन आवश्यक छ ।'

कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइराला, प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, अर्घाखाँची उद्योग वाणिज्य संघका महासचिव तुल्सीराम खनाललगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको कार्यपत्र घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका कार्यालय प्रमुख दुर्गा न्यौपानेले प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रम उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालयका निमित्त निर्देशक इश्वरी चन्द्र अर्यालको अध्यक्षता र घरेलु कार्यालयका हुमबहादुर विकको सञ्चालनमा सम्पन्न भएको थियो ।

# थाइल्याण्डका धम्मयात्री भिक्षुहरूलाई देवदहमा स्वागत



देवदह । थाइल्याण्डबाट आएका धम्मयात्री भिक्षुहरुलाई गौतम बुद्धको मावलीस्थल देवदहमा स्वागत गरिएको छ ।

पाल्पाको माथागढीबाट देवदह-६ को गौतमबुद्ध पार्क, खैरेनीचोकहुँदै शितलनगर यशोधारा भिक्षुणी बिहारमा पुगेका धम्मयात्रीलाई देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग, नगर प्रवक्ता गणेश डुम्रे, देवदह-७ का वडा अध्यक्ष कृष्ण अधिकारी, संरक्षण समितिका पदाधिकारी, आमा समूह, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले धम्मयात्राका भिक्षुहरुलाई स्वागत गरिएका थिए ।

धम्मयात्राको क्रममा काठमाडौंदेखि पोखरा, स्याङ्जा, पाल्पाको माथागढी गाउँपालिकाहुँदै देवदह आइपुगेका धम्मयात्रीलाई देवदह-७ स्थित यशोधरा भिक्षुणी बिहारमा स्वागत गरिएको हो । थाइल्याण्डबाट ४ सय ३६ किलोमिटर पैदल यात्रा पूरा गरी नेपाल आएका ३५ जना धम्मयात्री भिक्षुहरुले नेपालमा ४ सय किलोमिटर पैदल यात्रा एक महिनामा पूरा गर्ने जनाएको छ ।

नेपालको यात्रा पूरा भए पनि उनीहरुले भारत जाने जनाएका छन् । नेपाल बुद्धको जन्म देश भए पनि बुद्धको बारेमा जानकारी नभएको र बुद्ध सन्देश दिने गरी धम्मयात्रा सुरु गरिएको हो । पाल्पाको माथागढीहुँदै देवदह आएका धम्मयात्राका भिक्षुहरु देवदहमा एक दिन बस्ने जनाइएको छ । धम्मयात्राका भिक्षुहरुले भगवान गौतमबुद्धको मावली देवदह क्षेत्रमा रहेका भगवान गौतमबुद्धसँग सम्बन्धित ठाउँहरुको समेत अवलोकन गर्ने र नवलपरासीको रामग्राम हुँदै लुम्बिनी पुग्ने जनाएका छन् ।

कन्यामाई, बैरीमाई, खयरडाँडा, देवदह दह, पाकरी वृक्षहुँदै भवानीपुरमा उनीहरु बस्ने जनाइएको छ । धम्मयात्राका भिक्षुहरुलाई देवदह नगरपालिकाको सहयोगमा यशोधरा भिक्षुणी विहार देवदह-७, शितलनगरमा भोजन दान गराइएको थियो ।

धम्मयात्राले यहाँको प्राचीन ऐतिहासिकतालाई उजागर गर्न मद्दत पुग्ने र मातृशक्तिको आधार देवदहलाई विश्व सामु चिनाउन धम्मयात्रा महत्वपूर्ण सावित हुनेछ ।

**माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.**

**तिलोत्तमा-१४, टिकुलीगढ, रुपन्देही**

यस माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.को मिति २०८१ साल माघ २३ गते प्रकाशित मूल्य सूची सम्वन्धी सूचनामा ७० यू.पिं Hajari ब्राण्डको RD मूल्य १२२५। हुनुपर्नेमा भूलबश १२४५। हुन गएको र RD Comm.२५। हुनु पर्नेमा १५ । हुन गएकोले सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# गौमुखीमा सुविधायुक्त होमस्टे सञ्चालन




**राधिका भुसाल**
*प्यूठान*

प्रशिद्ध धार्मिक पर्यटकीय तिर्थस्थल गौमुखी दर्शन गर्न आउने पर्यटकको लागि सुविधायुक्त सामुदायिक होमस्टे सञ्चालनमा आएको छ । गौमुखी गाउँपालिका वडा नं. २ अर्खा, किनाममा गौमुखी सामुदायिक होमस्टे सञ्चालनमा आएको हो ।

गौमुखी तिर्थ गर्न आउने पर्यटकहरु बढ्दै गएकाले बसोवास र खानपानका लागि सहज होस् भन्ने उद्देश्यले होमस्टे सञ्चालन गरिएको गौमुखी गाउँपालिकाका उपाध्यक्ष महावीर रानाले बताए । 'चालु आर्थिक वर्षभित्र सडक सञ्जालले जोड्दै छ,' उपाध्यक्ष रानाले भने-'सडक पुगेपछि पर्यटकको संख्या झनै बढ्ने छ । पर्यटकलाई खाली हात नफर्काउन त्यस क्षेत्रलाई किवी पकेट क्षेत्रको रुपमा विकास गर्दैछौं ।' पहिलेको तुलनामा पर्यटकहरु बद्दोक्रममा रहेकोले स्थानीय उत्पादनलाई बजारीकरण गर्न होमस्टेले थप सहयोग पुग्ने उनले बताए। गौमुखी क्षेत्र, वाइसमुल झरना र झाँक्रीढुंगा घुम्न आउने सबै पर्यटकहरुलाई किवी खुवाउनका चालु आर्थिक वर्षमा १३ लाख बजेट विनियोजनमा किवीको बिरुवा लगाउने काम सुरु गरिएको उपाध्यक्ष रानाले बताए।

गाउँपालिकाको नाममा जग्गा लिइ लुम्बिनी प्रदेश सरकारको ६० लाख बजेटमा होमस्टेको संरचना निर्माण भएको रानाले जानकारी दिए । होमस्टे २ वटा शौचालयसहितको कोठा, एउटा हल कोठा र एउटा सादा कोठाको संरचना बनाइएको छ।

होमस्टे सञ्चालनमा आएपछि अर्खा, ठूलाचौर र किनामवासी जनसमुदायले अत्यन्तै खुसी व्यक्ति गरेका छन् । गौमुखी क्षेत्रमा तारबार गर्नुपर्ने, पर्यटकको सरसामान सुरक्षाका लागि गेट बनाएर साँचो लगाउने व्यवस्था हुनुपर्ने र दैनिक छोटो समयमा लागि भए पनि पुजारी राख्नु पर्ने स्थानीयवासी खड्ग घर्तीमगरले बताए। त्यस्तै सोही निवासी झुमाकुमारी बुढाले गौमुखी क्षेत्रको सरसरफाइ गर्न र महिला पुरुषका लागि छुट्टाछुट्टै नुहाउने ठाउँ बनाउन गाउँपालिकालाई आग्रह गरेकी छिन् ।

होमस्टे संरचना निर्माणका लागि स्थानीयवासी दुजमान घर्तीमगर, गणेशबहादुर पुन, इकबहादुर घर्ती, झुमा कुमारी बुढा र खड्ग घर्तीमगरले जग्गा दान गरेका थिए। बाटो पुग्नासाथ पार्किङ्का लागि जग्गा निःशुल्क उपलब्ध गराउनका लागि स्थानीयवासी तयार रहेको गणेश पुनमगरले बताए। बैदेशिक राजेगारी छोडेर गाउँमै काम गर्ने उद्देश्यका साथ होमस्टेको सम्पूर्ण जिम्मा लिएको होमस्टे सञ्चालक जीवन घर्तीमगरले बताए।

# तिनाउ बोर्डिङ स्कुलले मनायो रजत महोत्सव



बुटवल । बुटवल देवीनगरस्थित तिनाउ इङलिस् बोर्डिङ स्कुलले आफ्नो २५औं वार्षिक उत्सव तथा रजत महोत्सव मनाएको छ । सो अवसरमा बोल्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले तिनाउ स्कुलले समय सापेक्ष गुणस्तरीय शिक्षामा आफूलाई विकास गर्दै अघि बढेको बताए।

प्रजिअ घिमिरेले विद्यालय तहबाट दुर्व्यसनी रोकथामका लागि शिक्षा दिन आवश्यक रहेको भन्दै शिक्षालाई जीवन उपयोगी बनाउनुपर्नेमा जोड दिए।

बुटवल उप-महानगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले तिनाउ स्कूलले शैक्षिक गुणस्तर, अतिरिक्त क्रियाकलाप र खेलकुदमा बेग्लै पहिचान बनाई विद्यार्थी र अभिावकको मन जितेको बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यज्ञमूति पाण्डेले विद्यार्थी, अभिभावक र समाज सबै क्षेत्रको साथ र सहयोगबाट विद्यालय अहिलेको स्थानमा आएको बताउँदै आगामी दिन विद्यालयलाई झनै राम्रो बनाउँदै लैजाने बताए।

विद्यालयका प्राचार्य सीता पाण्डेले विद्यार्थीको शैक्षिक नजितासँगै उनीहरुको सर्वाङ्गीण विकासलाई समान प्राथमिकता दिएर अघि बढेको बताइन्।

कार्यक्रममा प्याब्सन केन्द्रीय सदस्य खेमेन्द्र राना, प्याब्सन रुपन्देहीका अध्यक्ष दिपक खनाल, अभिभावक संघका लोकनाथ ज्ञवाली, बुटवल बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. अरुण क्षेत्री, प्याब्सन बुटवलका अध्यक्ष मित्रहरि आचार्य, जनगायक जीवन शर्मालगायतले बोल्दै निजी विद्यालयले शैक्षिक गुणस्तरमा ठूलो योगदान गरेको बताए।

कार्यक्रममा विद्यालयका सह-प्राचार्य सूर्यप्रसाद पाण्डे, अतिरिक्त क्रियाकलाप प्रमुखद्वय अग्निधर पोखरेल, एसमिन गिरीलगायतले आ-आफ्ना धारणा राखेका थिए । सो अवसरमा जनगायक जीवन शर्माले विभिन्न गीत प्रस्तुत गरेका थिए भने विद्यार्थीहरुले कला संस्कृति झल्किने नाचगान प्रस्तुत गरेका थिए। विद्यालयमा करिब २ हजार विद्यार्थी अध्ययनरत छन्।

# क्यानन् माविले २८औं वार्षिकोत्सव मनाउँदै




बुटवल। बुटवल सुख्खानगरस्थित क्यानन् सेकेण्डरी स्कुलले आफ्नो २८औं वार्षिकोत्सव तथा रजत जयन्ती विविध कार्यक्रम गरी मनाउँदैछ । कोभिड संक्रमणका कारण रोकिएको रजत जयन्ती ३ वर्षपछि खेलकुद र रचनात्मक कार्यक्रम गरी मनाउन लागेको हो ।

विद्यालय परिसरमा बुधबार पत्रकार सम्मेलन गरी कोभिड संक्रमणका कारण रोकिएको रजत जयन्तीलाई २८औं वार्षिकोत्सवको अवसरमा मनाउन लागेको विद्यालयका प्राचार्य शंकर भण्डारीले बताए। रजत महोत्सवको अवसरमा माघ २२ गतेदेखि २५ गतेसम्म खेलकुद प्रतियोगिता, अंग्रेजी भाषामा जिल्लास्तरीय वादविवाद प्रतियोगितालगायत कार्यक्रम सञ्चालन भैसकेको उनले बताए।

बिहीबार विद्यालय परिसरमा वृहत् रक्तदान तथा फागुन २ गते मूल समारोह हुने उनले बताए। बुटवलको अन्तर्राष्ट्रिय सभाहलमा हुने मूल समारोहमा प्रतिनिधिसभाका उप-सभामुख इन्दिरा रानाको विशेष उपस्थिति रहने उनले जनाए।

सो कार्यक्रममा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक सम्मान, साँस्कृतिक कार्यक्रमहरु गरिनेछ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थानेश्वर पौडेलले क्याननूले समय सापेक्ष प्रविधिमैत्री र प्रोग्रेसिभ अध्यापनलाई अवलम्बन गरेर गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखेको बताए। 'समयको मागअनुसारको शिक्षामा अग्रसर छौं,' पौडेलले भने-'संख्यात्मकभन्दा पनि गुणस्तरीय, सीपमूलक र व्यवहारिक अध्ययनमा जोड दिन लागेका छौं ।' प्रत्येक कक्षाकोठामा स्मार्ट बोर्ड, कर्नर लाईब्रेरीको व्यवस्था गरी विद्यार्थीकेन्द्रित पढाइलाई अघि बढाएको अध्यक्ष पौडेलले बताए।

कार्यक्रममा विद्यालयका इसिए प्रमुख मिनराज गिरीले विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटन हुने गरी खेलकुद गतिविधिलाई विशेष प्राथमिकतामा राखेको बताए।

विद्यालयमा प्ले ग्रुप देखि १० सम्म ७ सय जना र विज्ञान र व्यवस्थापन विषयमा प्लस टु मा ३२२ विद्यार्थीहरु अध्ययनरत रहेका छन्।

# मणिमुकुन्दको स्पोर्टस् मिट सकियो



बुटवल । मणिमुकुन्द कलेज बुटवलले विद्यार्थीको खेल प्रतिभा प्रष्फुटनका लागि सञ्चालन गरेको स्पोर्टस् मिट कार्यक्रम सम्पन्न भएको छ।

सोमबारदेखि सुरु भएको स्पोर्टस् मिटको अन्तिम दिन भलिबल, बास्केटबल र कबड्डीलगायतका प्रतियागिता भएका छन् । छात्रतर्फको बास्केटबल प्रतियोगितामा कक्षा १२ बिहानी समूह प्रथम र कक्षा १२ दिवा समूह द्वितीय भएका छन् । यस्तै अति रोमाञ्चक छात्रातर्फको कबड्डी खेलमा दिवा समूह प्रथम र बिहानी समूह द्वितीय भएका छन्।

छात्रतर्फको कबड्डी खेलमा प्रथम कक्षा ११ दिवा समूहका छात्र र द्वितीय कक्षा १२ दिवा समूह भएका छन् । पुरुष शिक्षक र स्टाफ भलिबल प्रतियोगितमा बिहानी समूहको शिक्षकको टिम प्रथम भएको थियो ।

स्पोर्टस् मिटमा विजयी टिम र विद्यार्थीहरुलाई फागुन ३ गते कलेजमा हुने फुड फेस्टिभलमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले जानकारी दिए।

स्पोर्टस् मिटका खेलहरु तिलोत्तमास्थित जनज्योति क्लबको खेल मैदान र कलेजको आफ्नै प्रांगणको खेल मैदानमा तीन दिनसम्म उत्साहजनकरुपमा सम्पन्न भएका कलेजका व्यवस्थापन संयोजक पशुपति चौधरीले बताए।

स्पोर्टस् मिटमा फुटबल, क्रिकेट, भलिबल, बास्केटबल, टेबलटेनिस, कबड्डी, दौड, हाइजम्प, लङजम्प, सटपुट थ्रो, ज्याभलिन थ्रो, चेस, म्युजिकल चेयरलगायतका प्रतियोगिता भएका सह-प्राचार्य दिवाकर खनालले जानकारी दिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com